कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२ (कर्मचारी प्रशासन उपशाखा)

च.नं.:

## युवा सहजकर्ता पदमा करार सेवाबाट पदपूर्ति गर्ने सम्बन्धमा

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२५)

कोहलपुर नगरपालिकामा महिला लक्षित रोजगारीको लागि तयारी क्लब सञ्चालन गर्न युवा सहजकर्ता (पद सङ्ख्या १) खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएका योग्यता पुगेका इच्छुक नेपाली नागरिक (महिला) ले रु.५,००।- राजश्व दाखिला गरेको प्रमाण सहित नगर कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| वि.नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| ४/२०८१-०८२ | युवा सहजकर्ता (महिला) | १(एक) | प्रविणता प्रमाणपत्र तह उतिर्ण भई सामाजिक परिचालन वा सञ्चार वा श्रम बजार सम्बन्द्ध वा जीवनोपयोगी सीप वा क्षमता विकास सम्बन्धी प्रशिक्षकको रुपमा कम्तिमा १ वर्षको अनुभव भएको । | महिला |

(१) आवश्यक न्यूनतम योग्यता र अनुभवः न्यूनतम योग्यता र अनुभव "रोजगारीको लागि महिला लक्षित क्लब सञ्चालन मापदण्ड, २०८१" को दफा १७ बमोजिम हुनु पर्नेछ।

(२) दरखास्त दिने स्थानः कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर

(३) दरखास्त दिने अन्तिम मितिः २०८१/०८/०९ गतेसम्म

(४) आवेदनको दस्तुरः रु.५००।-(अक्षरेपी पाँच सय मात्र।

(५) छनौटको किसिमः प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन तथा लिखित परीक्षा

(६) आवेदनका साथ संलग्न हुनु पर्ने कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः

क) नागरिकताको प्रमाणपत्र

ख) शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग) अनुभवको कागजात

घ) तालिमको प्रमाणपत्र

ङ) पासपोर्ट साइजको फोटो

(७) सेवा सुविधाः रोजगारीको लागि महिला लक्षित क्लब सञ्चालन मापदण्ड, २०८१ को परिच्छेद ४ बमोजिम हुनेछ ।

(मान बहादुर गिरी)
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

# कोहलपुर नगरपालिका, बाँके

## युवा सहजकर्ता पदको लिखित परीक्षाको पाठयक्रम

**परीक्षा योजना (Examination Scheme)**

| सि.नं. | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| १ | सेवा सम्बन्धी | ५० | २० | वस्तुगत (Objective) | बहुवैकल्पिक प्रश्न(MCQs) | १५ प्रश्न X २ अङ्क | २० मिनेट |
| | | | | विषयगत (Written) | विषयगत (Written) | ४ प्रश्न X ५ अङ्क | ३० मिनेट |

द्रष्टव्यः

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

२. वस्तुगत वहुवैकल्पिक (Multiple Choice ) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

पाठ्यक्रमः सेवा सम्बन्धी/ प्रशासनिक कार्य सम्बन्धी

१. नेपालको संविधानको भाग-५ मौलिक हक सम्वन्धी व्यवस्था

२. नेपालको संविधानको अनुसूची -५, ६, ७, ८ र ९

३. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

५. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

६. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण तथा गुनासो व्यवस्थापन

७. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा गुनासो व्यवस्थापन

८. आचरण तथा अनुशासन

९. बेरोजगारी, गरिवी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु

१०. रोजगारी सिर्जनामा सरकार, निजीक्षेत्र, गैर सरकारी संस्था, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरु वीचको सहकार्य, साझेदारी र समन्वय

११. स्थानीय विकास तथा सेवा प्रवाह प्रक्रियामा जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत